भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

पत्र संख्या :

चलानी नं. :

बागमती प्रदेश, नेपाल

मितिः

सामुदायिक विद्यालयहरुको अन्तिम लेखापरीक्षणका लागि आशयपत्र माग गरिएको सम्बन्धी सूचना ।

सूचना प्रकाशन मिति : २०८२/०७/१८

भीमेश्वर नगरपालिकाको सामुदायिक विद्यालयको आर्थिक कार्यविधि सम्बन्धी नियमावली, २०७५ (दोस्रो संशोधनसमेत) अनुसार यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको आर्थिक वर्ष २०८१/८२ को अन्तिम लेखापरीक्षण गराउनुपर्ने भएको हुँदा यो सूचना प्रकाशन गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन तथा नियमावली बमोजिम लेखापरीक्षण गर्न योग्यता पुगेका लेखापरीक्षकहरुमध्ये विद्यालयको आर्थिक वर्ष २०८१/८२ को आर्थिक कारोबारहरुको लेखापरीक्षण गर्न इच्छुक लेखापरीक्षकले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र विद्यालयको लेखापरीक्षणको विषय उल्लेख गरी भीमेश्वर नगर कार्यपालिकाको कार्यालयमा आशयपत्र पेश गर्नुपर्ने छ । विद्यालयको लेखापरीक्षणका लागि भीमेश्वर नगरपालिकाको e-mail : ict.bhimeshwor@gmail.com बाट समेत आशयपत्र तोकिएको समयभित्र पठाउन सकिने छ । आशयपत्रमा लेखापरीक्षकको नाम, ठेगाना, सम्पर्क नम्बर लगायतका विवरण स्पष्ट उल्लेख गर्नुपर्ने छ । आशयपत्रका साथ नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्रमाणपत्र तथा पेशागत प्रमाण पत्र (हालसम्मको नवीकरण) को छायाँप्रति, फर्म दर्ताको प्रमाणपत्र (हालसम्मको नवीकरण) को छायाँप्रति र आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको छायाँप्रति संलग्न गर्नुपर्ने छ । विद्यालयको अन्तिम लेखापरीक्षण गरे वापत सम्बन्धित विद्यालयबाट तपसिल बमोजिमको रकम भुक्तानी हुनेछ । यस विषय सम्बन्धमा विस्तृत जानकारीका लागि भीमेश्वर नगर कार्यपालिकाको कार्यालय चरिकोट दोलखामा सम्पर्क राख्न सकिने छ ।

अधिकतम सेवा सुविधा

क्र.सं.	विद्यालय तह	अधिकतम सेवा सुविधा (कर समेत) रु	कैफियत
१.	आधारभूत तह (कक्षा १-३)	५,०००/-	
२.	आधारभूत तह (कक्षा १-५)	७,०००/-	
३.	आधारभूत तह (कक्षा १-८)	१२,०००/-	
४.	माध्यमिक तह (कक्षा १-१०)	२०,०००/-	
५.	माध्यमिक तह (कक्षा १-१२)	२५,०००/-	
६.	प्राविधिक धार सञ्चालित विद्यालय (संघीय सरकारबाट अनुदान प्राप्त)	३०,०००/-	
७.	नमूना माध्यमिक (कक्षा १-१२)	३५,०००/-	

.....

अर्जुन बहादुर कार्की

नि.प्रमुख प्रशासकीय अधिकृत